www.ganyapadhuramun.gov.np email: ganapdhurarm@gmail.com mobile : 9858788707

# गन्यापधुरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गणेशपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

गन्यापधुरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गणेशपुर, डडेल्धुरा सुदूरपश्चिम प्रदेश,नेपाल

प.सं. २०८२/०८३

च.नं. :

मिति: २०८२।०६।२९

**विषय: शिक्षक आवश्यकतासम्बन्धी सूचना।**

**(प्रथम पटक प्रकाशित मिति : २०८२।०६।२९ गते बुधबार)**

यस गाउँपालिका अन्तर्गत देहायको सामुदायिक विद्यालयमा रिक्त रहेको देहायको शिक्षक पदमा करारमा पदपूर्ति गर्नका लागि गन्यापधुरा गाउँपालिकाको शिक्षा ऐन, २०७९ को दफा ३१ को उपदफा (६) बमोजिम शिक्षक सेवा आयोगको करार सूची वा गन्यापधुरा गाउँपालिकाको शिक्षकको प्रतिक्षा सूचीबाट करारमा शिक्षक पदपूर्ति गर्नुपर्ने भएकाले शिक्षक सेवा आयोगको करार सूची वा गन्यापधुरा गाउँपालिकाको शिक्षकको प्रतिक्षा सूचीमा रही उमेर हद ननाघेका ईच्छुक व्यक्तिहरुले गाउँपालिकाको वेबसाइट www.ganyapadhuramun.gov.np वा कार्यालयबाटै दरखास्त फाराम प्राप्त गरी उक्त दरखास्त फाराम भरेर सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस कार्यालयमा आवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तस्वीर सिंह घटाल
नि. प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

**१. करार शिक्षकको विज्ञापन नं., विद्यालय, तह, प्रकार र माग पद सङ्ख्या :**

| क्र. सं. | विज्ञापन नं. | विद्यालयको नाम | तह | प्रकार | माग पद सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | ४/२०८१-८२ | श्री जनचेतना प्राथमिक विद्यालय, गन्यापधुरा- ३, रुलाकोट, डडेल्धुरा | प्राथमिक | अस्थायी (करार) | १ (एक) |

**२. पारिश्रमिक तथा अन्य सुविधा:** सम्बन्धित तह र श्रेणीका लागि नेपाल सरकारले निर्धारण गरे बमोजिम।

**३. दरखास्त दस्तुर :** रु. ५००।– (पाँच सय) दस्तुर गाउँपालिकाको कार्यालयको राजश्व शाखामा नगदै बुझाई प्राप्त गरेको रसिद दरखास्त फाराम साथ संलग्न गर्नुपर्नेछ।

**४. दरखास्त दिने अन्तिम मिति :** २०८२।०७।१२ गते बुधबार कार्यालय समयभित्र (दोब्बर दस्तुरको व्यवस्था गरिएको छैन)।

**५. उम्मेदवारले पेश गर्नुपर्ने कागजातहरू :**

(क) तोकिएको ढाँचाको दरखास्त फाराम

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(ग) स्थायी अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि

www.ganyapadhuramun.gov.np email: ganapdhurarm@gmail.com mobile : 9858788707

# गन्यापधुरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गणेशपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०८२/०८३

(घ) प्राथमिक तहको लागि तोकिएको शैक्षिक योग्यताका प्रमाणपत्रहरुका प्रमाणित प्रतिलिपिहरु ।

(ङ) समकक्षता प्रमाणपत्र (विदेशी शिक्षण संस्थाबाट अध्ययन गरेकाको हकमा)

(च) शिक्षक सेवा आयोगको परीक्षाको प्रवेश पत्रको प्रमाणित प्रतिलिपि/ गन्यापधुरा गाउँपालिकाबाट लिइएको शिक्षकको प्रतिक्षा सूची परीक्षाको प्रवेश पत्रको प्रमाणित प्रतिलिपि ।

(छ) शिक्षक सेवा आयोगको डडेल्धुरा जिल्लाको प्राथमिक तहको करार सूचीमा नाम समावेश भएको करार सूचीको प्रमाणित प्रतिलिपि/गन्यापधुरा गाउँपालिकाबाट लिइएको शिक्षकको प्रतिक्षा सूचीमा नाम समावेश भएको प्रतिक्षा सूचीको प्रमाणित प्रतिलिपि ।

**नोटः सूचनाको म्यादभित्र तोकिएको विज्ञापनमा शिक्षक सेवा आयोगको डडेल्धुरा जिल्लाको प्राथमिक तहको करार सूचीमा रहेका उम्मेदवारहरुको निवेदन नपरेमा वा एक मात्रै दरखास्त परी दरखास्त दिने उम्मेदवारले सिफारिस नबुझेमा वा सिफारिस बुझेर पनि विद्यालयमा नियुक्तिका लागि नगएमा वा नियुक्ति लिएर पनि विद्यालयमा हाजिर नभएमा यस गाउँपालिकाको प्राथमिक तहको शिक्षकको प्रतिक्षा सूचीमा रहेका उम्मेदवारहरुमध्येबाट योग्यताक्रमका आधारमा सिफारिस गरी पठाइने व्यहोरा समेत जानकारी गराइन्छ ।**

**विज्ञापन सम्बन्धी प्राविधिक जानकारीका लागि मोबाइल नम्बर ९८६८८९६२८९ वा ९८४८७९७७३६ मा सम्पर्क गर्न हुन अनुरोध छ ।**

नि. प्रमुख प्रशासकीय अधिकृत